म.जि.प्र.का दर्ता नं.: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१५ अङ्क:- २६० २०८१ साउन २८ गते सोमबार 12 August 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## ६ केजी चरेसहित दुई भारतीय पक्राउ

हेटौंडा: लागुऔषध चरेससहित २ जना भारतीय नागरिकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। गत बिहिबार मध्यान्ह १२ बजेको समयमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी टोलीले थाहा नगरपालिका-३ शिखरकोट बजारमा दुम्सिखर्कबाट हेटौंडा जाँदै गरेको ना ४ ख ४५६७ नम्बरको बसलाई रोकेर सुरक्षाजाँच गर्दा लागुऔषध चरेससहित उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। प्रहरीले भारतको सितामडीका ४५ वर्षीय सुदिर सिंह, ६८ वर्षीया रेनुदेवी चौधरीलाई ६ केजी लागुऔषध चरेससहित पक्राउ गरेको जनाएको छ। प्रहरीले मकवानपुर जिल्ला अदालतबाट २० दिनको म्याद अनुमति लिई सिंह र चौधरीलाई हिरासतमै राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ।

### हेटौंडा उपमहानगरको राजश्व वृद्धिको विरोध

# मउवासंघले व्यवसाय बन्द गरेर उपमहानगरलाई चाबी बुझाउने



हेटौंडा उपमहानगरपालिकाले राजश्वको दर वृद्धि गर्ने प्रक्रियाअन्तर्गत विभिन्न चरणमा गरिएका निर्णयको प्रति माग गर्दै प्रमुख प्रशासकीय अधिकृत गौतमलाई पत्र बुझाउँदै संघका अध्यक्ष गुप्तासहितका पदाधिकारीहरु।

**समाज संवाददाता**

हेटौंडा: हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा चर्को दरमा राजश्व वृद्धि गरेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघले पाँच दिने आन्दोलनको कार्यक्रम तय गरेको छ। आइतबार साँझ बसेको कार्यसमिति बैठकले सोमबारदेखि पाँच दिनका लागि संघर्षका कार्यक्रम तय गरेको हो।

आन्दोलनका कार्यक्रमअन्तर्गत उद्योग वाणिज्य संघले उपमहानगर पालिका कार्यालयमा धर्ना दिनेदेखि व्यवसाय बन्द गरेर चाबी उपमहानगर पालिकालाई बुझाउनेसम्मका कार्यक्रम तय गरेको छ। पाँच दिने संघर्षका कार्यक्रमसँगै उद्योग वाणिज्य संघले व्यवसायीहरुको तर्फबाट सामूहिक रुपमा उपमहानगरपालिका विरुद्ध सामूहिक मुद्दा समेत दर्ता गराउने निर्णय गरेको छ।

पाँच दिने कार्यक्रमअन्तर्गत पहिलो दिन सोमबार बिहान राजनीतिक दलका भातृ संगठन र सहकारी संस्थाका प्रतिनिधिहरुसँग छलफल गर्नेछ। सोमबार दिउँसो १२ बजे व्यापारीको भेला आयोजना गर्नुका साथै दिउँसो ३ बजे पत्रकार सम्मेलन गरेर आन्दोलनको औचित्य, संघको धारणा र संघर्षका कार्यक्रमबारे जानकारी गराउने बताइएको छ। दोस्रो दिन मंगलबार कर अवज्ञा गर्न व्यवसायी र नगरवासीलाई आव्हान गर्न सुरु गर्ने, विभिन्न संघ, संस्था, प्रदेश सरकार, राजनीतिक दललाई ज्ञापनपत्र बुझाउनुका साथै विभिन्न क्षेत्रका प्रतिनिधिसँग अन्तर क्रियाको कार्यक्रम तय गरिएको मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौलागाईले जानकारी दिनुभएको छ।

तेस्रो दिन बुधबार हेटौंडा बजारको बुद्धचोकसँगै विभिन्न स्थानमा राजश्व वृद्धिको निर्णय विरुद्ध हस्ताक्षर संकलन गर्ने, हेटौंडा उपमहानगरपालिकामा १ घण्टा धर्ना दिने, राजश्व वृद्धिको विरोधमा विभिन्न स्थानमा कालो ब्यानर राख्ने निर्णय गरेको छ। चौथो दिन बिहिबार हेटौंडा उपमहानगरपालिकामा २ घण्टा धर्ना दिने, नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने उपाध्यक्ष चौलागाईले जानकारी दिनुभयो।

संघर्षको कार्यक्रमअन्तर्गत पाँचौं दिन शुक्रबार ¥यालीसहित व्यापार व्यवसाय बन्द गरी हेटौंडा उपमहानगर पालिकामा चावी बुझाएर पहिलो चरणको आन्दोलनको कार्यक्रम समापन गर्ने बताइएको छ। बैठकमा सहभागी संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाटले निर्माण व्यवसायी संघसहित सबै सरोकारवालासँग एकतावद्ध भएर आन्दोलनका कार्यक्रम अगाडि बढाउने निर्णय भएको बताउनुभयो।

आइतबार साँझ संघको कार्यसमितिको बैठक बसेर आन्दोलनका कार्यक्रम तय गर्नुअघि हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष राजश्व वृद्धिको प्रक्रियामा गरिएका निर्णयको प्रतिलिपि समेत माग गरेको छ। उपमहानगरपालिकाको कार्यपालिका सदस्य, नगर सभा सदस्य र राजश्व परामर्श समितिका सदस्य समेतले राजश्व वृद्धिको प्रस्ताव, छलफल र निर्णय नभएको भनी स्पष्ट पारिरहेको सन्दर्भमा मकवानपुर उद्योग वाणिज्य संघले उपमहानगरपालिकासँग प्रक्रियागत निर्णयहरुको प्रतिलिपि माग गरेको हो।

यसअघि निर्माण व्यवसायी संघ मकवानपुरको शनिबार बिहान बसेको बैठकले आन्दोलन गर्ने निर्णय गरिसकेको छ। निर्माण व्यवसायी संघले आइतबार पत्रकार सम्मेलन गरेर आन्दोलनको घोषणा गर्ने तयारी गरे पनि मकवानपुर उद्योग वाणिज्य संघको बैठक बस्न ढिलाई भएका कारण आइतबार पत्रकार सम्मेलन हुन सकेन। हाम्रो नजिकको, साझेदारी गरेर अगाडि बढ्नुपर्ने स्थानीय सरकारको विरुद्धमा आन्दोलन गर्नु सामान्य विषय नभएको र आन्दोलन घोषणापछि पछाडि फर्कनु चुनौतिपूर्ण हुने भएकोले कार्यसमितिका सबै सदस्यको सल्लाह, सुझाव लिएर व्यवस्थित ढंगबाट आन्दोलनको घोषणा गर्ने तयारी भएकोले केही ढिलाई भएको अध्यक्ष गुप्ताले बताउनुभएको छ। आन्दोलनको कार्यक्रमलाई प्रभावकारी कार्यक्रम तय गरेर अगाडि बढ्ने उहाँले स्पष्ट पार्नुभएको छ।

## करवृद्धिको प्रक्रियागत निर्णय माग

हेटौंडा: मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा उपमहानगरपालिकासँग चालु आर्थिक वर्षका लागि राजश्वको दर वृद्धि गर्ने प्रक्रियाको चरणवद्ध निर्णय माग गरेको छ। राजश्व परामर्श समिति, कार्यपालिका र नगरसभा तीनै चरणमा राजश्व वृद्धि गर्ने निर्णयको प्रतिलिपि दिन माग गरेको हो। आइतबार दिनको ४ बजेको समयमा हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई राजश्वको दर वृद्धि गर्ने प्रक्रियाको चरणवद्ध निर्णय माग गर्दै पत्र बुझाएको छ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट, उज्ज्वल चौलागाई, महासचिव दीपक उप्रेती, सदस्यहरु कुलप्रसाद चौलागाई र सन्तोष अर्यालको समूह उपमहानगरपालिकाको कार्यालय पुगेर प्रमुख प्रशासकीय अधिकृत गौतमलाई पत्र बुझाएका छन्। हेटौंडा उपमहानगर पालिकाले करको दर उच्च बढाएको भन्दै व्यवसायीहरु आन्दोलनको तयारीमा समेत छन्। आइतबार कानुन व्यवसायीसँगको परामर्श पछि मकवानपुर उद्योग वाणिज्य संघले करवृद्धि गर्ने प्रक्रियाअन्तर्गत विभिन्न चरणको निर्णय माग गरेको हो।

नगरसभा सदस्य र कार्यपालिका सदस्यहरुले समेत राजश्वको दर वृद्धि गर्ने विषयमा स्पष्ट छलफल नभएको भनी स्पष्ट पारिरहेका बेला संघले उपमहानगर पालिकासँग राजश्व वृद्धि गर्ने प्रक्रियाको चरणवद्ध निर्णय माग गरेको हो।

## कमजोरी भएको छः प्रशासकीय अधिकृत




हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम।

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले हेटौंडा उपमहानगर पालिकाले राजश्व वृद्धि गर्ने विषयलाई गम्भीरताका साथ नलिएकोले अहिले विवाद देखिएको बताउनुभएको छ। अहिलेको परिस्थिति र सरोकारवालासँग पर्याप्त छलफल नगर्नाले व्यवसायी आन्दोलित हुनुपरेको उल्लेख गर्नुहुँदै पालिकाबाट राजश्व वृद्धि गर्ने प्रक्रियामा कमजोरी भएको प्रमुख प्रशासकीय अधिकृत गौतमले स्वीकार्नुभएको हो।

राजश्व वृद्धि गर्ने प्रक्रियाका विभिन्न चरणमा भएका निर्णयको प्रतिलिपि माग गर्दै प्रमुख प्रशासकीय अधिकृत गौतमलाई भेट्न पुगेका मकवानपुर उद्योग वाणिज्य संघका पदाधिकारीसँगको छलफलमा उहाँले राजश्वको दर बढाउने विषयलाई गम्भीरताका साथ लिएर आवश्यक परामर्श र छलफल भएको भए यस्तो समस्या नहुने दावी गर्नुभयो। साउन ६ गतेबाट नयाँ राजश्व दरअनुसार राजश्व संकलनको कार्य सुरु भइसकेकोले पछाडि फर्कन कठिन भएको, पछाडि फर्किंदा जेल जानुपर्ने अवस्था आउन सक्ने गौतमले बताउनुभएको छ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको नेतृत्वमा आइतबार संघको एक टोली प्रमुख प्रशासकीय अधिकृत गौतमलाई भेटेर राजश्वको दर वृद्धि गर्ने प्रक्रियाअन्तर्गत विभिन्न चरणका निर्णयको प्रतिलिपि माग गर्न पुगेका थिए। मकवानपुर उद्योग वाणिज्य संघको टोली प्रमुख प्रशासकीय अधिकृतलाई भेटेर निर्णयको प्रतिलिपि माग गरेपछि कार्यसमिति बैठक बस्दैछ। कानुनी उपचारको बाटोसँमगै संघले आन्दोलनका कार्यक्रम घोषणा गर्ने तयारी गरेको छ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना सूचना सूचना**

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकामा दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ। अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ।

**निम्न**:

१. मिति २०८१ आश्विन मसान्त भित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडिको व्यवसाय कर र घर बहाल करमा शतप्रतिशत छुट दिने व्यवस्था
३. आ.व. २०७८/०७९ भन्दा अगाडि यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८।०७९ भन्दा अगाडिको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडि अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनका लागि आर्थिक ऐन २००१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नु हुन जानकारी गराईन्छ। समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनुरोध छ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

**Admission Open !!!**

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

**हेटौंडा- सिटि कलेज (जेनिथ मावि)**

**हेटौंडा-५, पिप्ले**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# विपद्को अनुमान र व्यवस्थापन

विपद् भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक संकट बुझिन्छ । नेपाल प्राकृतिक विपद्का दृष्टिले बहुजोखिमयुक्त देश हो । नेपालमा वर्षेनि आगलागी, बाढी, पहिरो, चट्याङ, भूकम्प, हावाहुरी, असिना, शीतलहर, हिमपहिरोलगायत एक दर्जनभन्दा बढी प्रकारका प्राकृतिक प्रकोपले विपद् निम्त्याउने गरेको छ । विभिन्न प्रकारका विपद्का कारण नेपालमा वर्षेनि एक हजारभन्दा धेरैको ज्यान जाने गरेको छ भने अरबौंको भौतिक क्षति हुने गरेको छ । हरेक देशमा कुनै न कुनै प्रकारको प्रकोपको जोखिम हुने भए पनि नेपालमा धेरै प्रकारका प्रकोपका कारण विपद् निम्तने गरेको छ । प्राकृतिक प्रकोपका कारण उत्पन्न हुने विपद्को सामना गरेर त्यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सक्नुपर्दछ । यसका लागि विपद्को सही अनुमान र व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनु आवश्यक छ ।

नेपालमा मनसुन सक्रिय भएर हुने विपद्को जोखिम सबैभन्दा उच्च रहेको छ । नेपालमा अधिकांश हुने विपद् भनेर पहिरो जानु, बाढी आउनु, खडेरी लाग्नु, हिमपहिरो, महामारीलाई मानिन्छ । यी विपद् अधिकांश वर्षाप्रेरित छन् । बाढी र पहिरो नेपालमा सबैभन्दा प्रमुख र बारम्बार दोहोरिने प्रकोप हुन्, जसले प्रायः विपद्हरु निम्त्याउँछ । मनसुनको समयमा हुने अविरल भारी वर्षाका कारण पहाडी क्षेत्रमा पहिरो जाने गर्दछ । निरन्तर पानी पर्दा खोला तथा नदीको जलसतह वृद्धि भई बाढी आउँछ । बाढीका कारण तराई क्षेत्रमा खोला नदीको पानी गाउँ, बस्ती र खेतीयोग्य जमिनमा पस्ने तथा आकाशबाट परेको पानी जमेर डुबानका कारण ठूलो जनधनको क्षति हुने गर्दछ । भूकम्पको उच्च जोखिममा रहेको कारण मुलुकमा समयसमयमा विनाशकारी भूकम्पले पनि ठूलो विपद् निम्त्याउने गरेको छ । हावाहुरी, चट्याङ, डढेलो, आगलागीजस्ता घटनाले पनि जनधनको क्षति गर्दै आएको छ । विभिन्न प्रकारका रोगको प्रकोप र महामारीबाट पनि उत्तिकै विपद् निम्तने गरेको छ ।

मकवानपुर जिल्ला पनि विपद्को उच्च जोखिम क्षेत्रमा पर्दछ । विशेषगरी बाढी, पहिरो, चट्याङ, आगलागीजस्ता प्रकोपको उच्च जोखिम यस जिल्लामा रहेको छ । यसैकारण शुक्रबारमात्र विपद् व्यवस्थापन समिति मकवानपुरको बैठकले जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । ढिलै भए पनि समितिले कार्ययोजना कार्यान्वयन गर्ने निर्णय गर्नु सकारात्मक मान्नुपर्छ । यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएमा विपद् जोखिम र संकटको पहिचान, मापन तथा विश्लेषणमा सहयोग पुग्नेछ । विभिन्न प्रकोपबाट उच्च जोखिमयुक्त स्थानहरुको पहिचान गर्दै विपद्जन्य घटनाको व्यवस्थापनमा सहजता हुनेछ । मानवीय सहायतामा संलग्न निकायको सक्रियता बढाउन र सरोकारवालाहरुबीच प्रभावकारी समन्वय गर्न कार्ययोजनाले सहयोग गर्नेछ । विपद्बाट हुने सम्भावित क्षति न्यूनीकरण गर्न सहज हुने विश्वास गर्न सकिन्छ ।

प्राकृतिक र मानवीय क्रियाकलापका कारण प्रकोपका घटना बढ्दै गएको अवस्थामा त्यसले निम्त्याउने विपद् र हुने क्षति न्यूनीकरणमा तीनै तहको सरकारको ध्यान जानुपर्छ । प्रकोपबाट क्षति भएपछि चिन्ता जाहेर गर्नुभन्दा प्रकोपको पूर्वानुमानसँगै पूर्वतयारी र प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाएर त्यसबाट हुने क्षति न्यूनीकरण गर्न स्पष्ट नीति, योजना र कार्यक्रम ल्याउनु आवश्यक छ । वर्षाको समयमा प्राकृतिक विपद्का घटना र त्यसबाट जनधनको क्षति बढी हुने सबैलाई थाहा हुँदाहुँदै पनि पूर्वसतर्कता, पूर्वतयारी र प्रतिकार्यमा आम नागरिक तथा सरकारी निकायको पर्याप्त ध्यान नपुग्दा समस्या भइरहेको छ । प्रकोपका घटनाबाट विपद्को अवस्था आउनुअघि नै सरोकारवाला निकायले आवश्यक चासो र सतर्कता देखाउनुपर्छ । विपद् व्यवस्थापनका लागि विपद् पूर्वतयारी र प्रतिकार्यजस्ता योजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक योगका काममा खर्च बढ्ने समय छ ।
**वृष** : जिद्धीपन र हठ त्याग गर्दा राम्रो रहने छ ।
**मिथुन** : लेखाई–पढाईका काममा सरिक भइने समय छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : आहार–विहारमा अनुशासन पालन गर्दा राम्रो होला ।
**कन्या** : लेखाई–पढाई मध्यमकारक नै मान्नुपर्दछ ।
**तुला** : हाकिमको कचकचले मन विचलित हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा मन जाने समय छ ।
**धनु** : अध्ययन–अध्यापनका क्षेत्रहरु मध्यमकारक छन् ।
**मकर** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहने समय छ ।
**कुम्भ** : अध्ययन–अध्यापनका क्षेत्रहरु सफल रहलान् ।
**मीन** : पारिवारीक दायित्व बढ्ने समय योग रहेको छ ।

# संस्कारयुक्त जीवनोपयोगी शिक्षालाई अभिभावक शिक्षासँग पनि जोड्ने कि ?



✍ रमेश प्रसाद लामिछाने

१. हाल संस्कार र सभ्यताका प्रसंगहरु छरपष्ट भेट्न सकिन्छ । शिक्षाले संस्कार सिकाएन, चरित्र निर्माणमा ध्यान गएन भन्ने आवाज अधिक सुन्न सकिन्छ । विद्यालयले पनि मानवीय संस्कारका सवालमा वास्तै गर्दैन भन्ने पनि हामीले सुनेका छौं । शिक्षकहरु पनि परीक्षामा उत्तीर्ण गराउने कुरामा मात्र ध्यान दिन्छन् भन्ने गरिएको छ । संस्कृत शिक्षाको पढाई छैन, अनि कहाँबाट राम्रा आचरण भेटिनु त भन्नेहरु पनि कम छैनन् । नयाँ पिढीसँग आमा, बुवा, हजुरबा, हजुर आमा, ठूलोबा, ठूली आमा, काका, काकी, मामा, माईजु, दिदि, बहिनी, दाजुभाइ, कसैसँग बोल्ने फुर्सद यिनलाई छैन । बरु खाना नभए पनि हुन्छ तर मोबाईल फोन भएन भने प्राणै जाने जस्तो देखिन्छन् । नातागोता र आफन्तीहरुसँगको चिनजानसँग कुनै मतलब छैन । मान, सम्मान त कता हो कता । घरमा को आयो, को गयो पत्तो छैन । एकोहोरो जस्तो मानसिक रोगले ग्रस्त पारेको हो कि लाग्ने देखियो भन्नेहरु पनि छन् । विद्यार्थीको ध्यान पढाईमा छैन । अध्ययन गर्न नै चाहँदैनन् । सिकाई भनेपछि उनीहरु टाढिन्छन्, जस्ता भनाईहरु प्रत्येकका जिब्रोमै झुण्डिएको पाईन्छ ।

२. उल्लेखित प्रकृतिका आवाजहरु नसुनेका दिन नै छैनन् भन्दा अत्युक्ति नहोला । यस्ता खाले भनाईहरुमा सत्यता नै नभएको भन्न सकिँदैन । मात्रात्मक रुपमा कम-बेसीका अवस्था भेट्न सकिन्छ । पछिल्ला वर्षहरुमा देखिएको सामाजिक व्यवहारमा आएको परिवर्तन हामी सबैले स्विकार्नै पर्दछ । सवाल आजका विद्यार्थीको मात्र हैन, सबै उमेर समूह, वर्ग, तह, पेशा, वर्ण, जातजाति, धर्म र भूगोलका मानिसहरुमा मानवीय संस्कारजन्य व्यवहारको खडेरी परेको तथ्यमा शंका छैन । अहिले विद्यालय तहका विद्यार्थी तथा ससाना बालबालिकालाई मात्र दोष थोपरेर पानी माथीको ओभानो बन्ने प्रवृत्ति हावी भएकै हो । अभिभावकहरुलाई आफ्ना छोराछोरीसँग बसेर कुरा गर्ने, खेल्ने, उनीहरुका कुरा सुन्ने फुर्सदै देखिँदैन । केटाकेटीहरुलाई समय केका लागि दिने, उनीहरुलाई स्वतन्त्ररुपमा सिक्न दिनु पर्छ भन्ने अभिभावकहरु पनि हामीले भेटेका छौं । प्रकृतिसँग अनि आफैंमा रमाएर केटाकेटीहरु स्वयम् सिक्दै हुर्कंदै गर्न पो उपयुक्त हुन्छ भन्ने कुरा त झनै बढि सुनिन्छ । यसमा बिदेश तथा सम्पन्न मुलुकहरुको देखासिकी पनि देख्न सकिन्छ ।

३. मानवीय संस्कार मानव जातिको पहिचानसँग जोडिएको छ । यस दुनियाँका प्रत्येक प्राणीको आफ्नो मौलिक विशेषताहरु हुन्छन् नै । पशु, पंक्षी, किरा, फट्याङ्ग्रा, तमाम जलचर, स्थलचर, उभयचर सबै प्राणीहरुको आआफ्ना गुण र स्वभावले भिन्न पहिचान बनेको छ जस्को आधारमा फरक-फरक नामले यी जीव जगतलाई चिनाएको छ । मानव जातिको हकमा पनि यो लागु हुन्छ नै । आफ्नो परिचय स्वयम्ले कायम गर्ने हो, अरुले बनाइदिने होइन । शिक्षाले थप आभुषणको काम गर्छ । संस्कृत शिक्षा नभएर मानवीय संस्कार सकिने होइन । संस्कृतलाई प्राचिन भाषा मानिएको छ । संस्कृत शिक्षाले नैतिक शिक्षा, धर्म तथा संस्कृति एवम् चरित्र निर्माणमा थप सहयोग गर्दै आएको तथ्यमा कतै शंका छैन । मानवीय संस्कारजन्य शिक्षाको अभिभारा मात्र शिक्षण संस्थाले गर्नुपर्ने बुझाई फेरिनु पर्दछ । यो त आम नागरिकको पहिचानसँग जोडिएको छ । समाजसँग गाँसिएको छ । अभिभावकको कर्तव्य मानिएको छ । राष्ट्रको जिम्मेवारीसँग जोडिएको छ । कुनै उमेर समूहकाले मात्र पालना गर्नुपर्ने भन्ने होइन । जीवनको अन्तिम घडिसम्म पनि मान्छेले आफ्नो पहिचान गुमाउन हुँदैन भन्ने मान्यता भुल्नु हुँदैन ।

४. मानवीय संस्कारजन्य शिक्षा मुलतः अनौपचारिक शिक्षा हो । यो त व्यक्तिको स्वभावसँग जोडिएको छ । बानी तथा आचरणसँग जोडिएको छ । नयाँ आविष्कार, खोज तथा अनुसन्धानले अति उन्नत अत्याधुनिक प्रविधिको विकास भइरहेको छ । आधुनिक मान्छे यी पछिल्ला प्रविधिसँग खेल्न अति आकर्षित र आतुर देखिन्छन् । यस्लाई स्वभाविक मानिएको छ । अत्याधुनिक प्रविधिले यो सिङ्गो दुनियाँलाई साँघुरो, सहज, गम्य, सरल र बोध बनाएको छ । भिन्न-भिन्न संस्कृति, रीतिरिवाज, चालचलन, परम्परागत संस्कारहरु, सामाजिक संरचना, जाति, धर्म, भेषभुषा, भाषा, जीवनशैली, जस्ता कुरा एक वर्ग तथा समाज वा राष्ट्र-राष्ट्र बीच स्थानान्तरण तथा अन्तरघुलित हुनुलाई अन्यथा भन्न सकिँदैन । मूल सरोकार भनेको मानवताको संरक्षण र सम्वर्द्धन अर्थात एक मान्छेमा मान्छेकै गुण र चरित्र हुनै पर्दछ भन्नेसँग जोडिएको छ । वर्तमान युग स्पार्टाकालिन समय होइन, अनि प्राचिन युनानीकालका एथेन्स निवासी डायजेनिसका ब्यवहार तथा स्वभावको सिको वा नक्कल गर्ने युग र स्थानमा छैनौं भन्ने ज्ञान हुनु अनिवार्य छ ।

५. सानै उमेरबाट राम्रा कुराहरुको बानी लगाउने र उच्च चरित्र निर्माणका अभियानहरु व्यापक प्रारम्भ भएका छन् । शिक्षण संस्थाहरुले त औपचारिक रुपमै बुक फ्रि फ्राईडे घोषणा गरेर विद्यार्थीहरुलाई मौलिक पहिचानसँग जोडिएका संस्कारहरु, चाडपर्व, रीतिरिवाज आदि संस्कारयुक्त जीवनोपयोगी शिक्षा र सीपहरु सिकाउने अभ्यास गरिएको पाईन्छ । दैनिक पढिने किताब अनि कक्षाकार्य र गृहकार्यको बोझका झोला बिसाएर रित्तै स्कूल गै नयाँ कुरा सिक्ने र आफ्ना प्रतिभाको प्रदर्शन समेत गर्ने अभ्यासले विद्यार्थी वर्गमा थप उत्साह र जाँगर श्रृजना गरेको सहजै देख्न सकिन्छ । यो सराहनीय थालनी हो । यसरी मानवीय संस्कारयुक्त शिक्षालाई औपचारिक शिक्षाकै अंग बनाउने अभ्यासलाई तीनै तहका सरकार अझ विशेषगरी स्थानीय तहबाट थप प्रोत्साहन र सहयोगको अपेक्षा गरिएको छ । अनौपचारिक रुपमा भने योगाभ्यासका क्रियाकलापहरु, जीवन विज्ञानका प्रवचनहरु अनि विभिन्न शिर्षकसँग जोडिएका प्रशिक्षणहरु र समुदायस्तरमा हुने आम सामाजिक क्रियाकलापहरुमा मानवीय चरित्र निर्माणका कक्षाहरु, नैतिक शिक्षाका दृष्टान्तहरु, राष्ट्रप्रेमका भावनाहरु, मौलिक पहिचानका अवयवहरुका सवालमा सैद्धान्तिक तथा व्यवहारिक कक्षाहरु संचालन हुनुलाई सकारात्मक रुपमा लिनै पर्दछ र यो अभियानलाई थप व्यापक बनाउनमा सम्बद्ध सरोकार वर्गको भूमिका उच्च रहन्छ ।

६. अन्तमा, संस्कारयुक्त जीवनोपयोगी शिक्षा आजको आवश्यकता हो भन्नेमा कसैको बिमती छैन । यो शिक्षा औपचारिक मात्र नभई अनौपचारिक शिक्षाका रुपमा समेत सञ्चालन गर्न सकिन्छ । मानवीय संस्कारजन्य शिक्षा जीवन पर्यन्त शिक्षा हो । यो शिक्षा शैक्षिक प्रमाणपत्रका घेरामा सीमित छैन भन्ने तथ्य आत्मसात गरिनु राम्रो हुन्छ । विगतमा अभ्यास गरिएको प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षालाई थप परिमार्जन र पुनर्संगठित गरी नयाँ पाठ्यक्रमका साथ निरन्तरतामा जोड्न सकिन्छ । अभिभावक शिक्षाका बारेमा चर्चा सुन्नमा आएको छ । शिक्षाका कार्यक्रमहरुमा जनप्रतिनिधिहरु तथा शिक्षाका उच्च प्रशासकहरुबाट अभिभावक शिक्षा बारे प्रसंग उठ्नुलाई सकारात्मक भन्नै पर्दछ । अब, कार्यान्वयनको पक्ष महत्वपूर्ण हुन्छ नै । अभिभावक शिक्षालाई कार्यक्रममा समावेश गर्ने, जनशक्ति व्यवस्थापन गर्ने, सीप र ज्ञान दुबैलाई जोडेर सान्दर्भिक पाठ्यक्रम बनाउने, कार्यक्रमको कार्यान्वयन गर्ने र नतिजा समेत तुलना गर्ने अभ्यासमा स्थानीय तहकै विशेष भूमिका हुने भएकाले यसतर्फ सम्बन्धित जिम्मेवार तहको ध्यानाकर्षणका लागि यो आलेख बहसमा आउने अपेक्षा गरिएको छ ।

*(लामिछाने सेवा निवृत्त शिक्षक हुनुहुन्छ ।)*

# वर्षायाममा कान चिलाउने र पाक्ने समस्या किन बढ्छ ?



✍ डा. अरुण केसी
नाक, कान, घाँटीरोग विशेषज्ञ

वर्षायाममा 'कान चिलायो' भन्दै अस्पताल आउनेहरुको चाप बढ्छ । यस्तो समस्या त धेरैले झेलिरहेको हुनसक्छ । कान चिलाएपछि धेरैले गर्ने गल्ती भनेको जथाभावी कोट्याउने, तेल हाल्ने हो । कान कोट्याउँदा भित्र घाउ भएपछि त्यो अझ चिलाउन थाल्छ र दुख्न थाल्छ । सहनै कठिन भएपछि अस्पताल आउने गर्छन् ।

यसैगरी कान चिलाउँदा तेल हाल्नुपर्छ भन्ने पुरातन सोचाइ छ । यसले पनि समस्याको हल हुने होइन, थप जटिलता बढ्छ । त्यसैले वर्षायाममा किन कान बढी चिलाउँछ भन्ने कुरा बुझ्न जरुरी हुन्छ । साथै यस्तो बेला के गर्ने, के नगर्ने भन्ने कुरामा ध्यान दिन जरुरी छ ।

**वर्षायाममा किन कान चिलाउछ ? यसबारे बुझौं ।**

हामी सबैलाई थाहा भएकै हो यतिबेला वायुमण्डलमा आर्द्रता बढी हुने भएकाले संक्रमणजन्य कीटाणुहरु सहजै सक्रिय हुन्छन् । यसको असर हाम्रो कानमा पनि पर्छ । कानभित्र ओसिलो भइरहँदा त्यहाँ ढुसी संक्रमण (फंगल इन्फेक्सन) हुन्छ । यसले कान चिलाउने गर्छ ।

यस्तो समस्या सामान्य वा कानको कुनैपनि रोग भएकालाई हुनसक्छ । जब कान चिलाउन थाल्छ हामी कोट्याउन हतारिन्छौं । तपाईंले अनुभव गर्नुभएकै होला, कान जति कोट्यायो उति चिलाउँछ । त्यही कारण हामी कान कोट्याइरहन्छौं । कानको भित्री छाला संवेदनशील हुन्छ, जहाँ कोट्याइरहँदा पिल्सिने, घाउ हुने जोखिम बढ्छ । भित्र घाउ भएपछि कान चिलाउने क्रम अरु बढ्ने मात्र होइन संक्रमण पनि बढ्न थाल्छ ।

यसैगरी कतिपयले कान चिलाउँदा तेल हाल्ने गर्छन् । यो अर्को गल्ती हो । कान चिलाएको बेला तेल हाल्यो भने ढुसी अझ बढ्छ । त्यसैले कान चिलाउँदा तेल हाल्ने वा कोट्याउने गल्ती नगरौं । यदि कान पाकेको छैन, जालीमा प्वाल परेको छैन भने कानलाई सुक्ख राखौं । कान सुक्खा राख्ने र चिलाएको अवस्थामा कोट्याउने वा तेल हाल्ने गरिएन भने यो समस्या आफैं ठीक हुँदै जान्छ । धेरै समय लाग्दैन ।

तर यस्तो समस्या कानको जालीमा प्वाल परेको अवस्थामा अरु बढ्न सक्छ । कानको जालीमा प्वाल छ भने त्यसभित्र पानी पस्दा सजिलै संक्रमण बढ्न सक्छ । यसले गर्दा कान पाक्छ । यो भनेको भित्री कानको समस्या हो ।

कान पाकेको छ वा जालीमा प्वाल परेको छ भने चाहिं चिकित्सकलाई देखाउनुपर्छ । जालीमा सामान्य प्वाल वा संक्रमण भएमा औषधिले निको हुन्छ । चिकित्सकको सिफारिस र परामर्शमा खाने औषधि र लगाउने औषधि प्रयोग गर्न सकिन्छ । यसले कान सुक्खा बनाउँछ र संक्रमण निको हुन्छ ।

कानको संक्रमण हामीकहाँ एकदमै विकराल छ । नेपालको कुनैपनि यस्तो ठाउँ नहोला, जहाँका मान्छेहरुमा कानको समस्या छैन । कानको जालीमा प्वाल पर्ने, पाक्ने समस्या जतातते छ । त्यो समस्या बढ्दै गएपछि भित्री हड्डी खिइन र मक्किन थाल्छ । यो जटिल अवस्था हो ।

प्रायः मान्छे कान चिलाएमा, संक्रमण भएमा आफूखुसी औषधि लगाउँछन् । कानको ढुसी निकाल्ने औषधि लगाउँछन्, जुन सरासर गलत हो । कतिपयले एन्टिबायोटिक पनि आफूखुसी प्रयोग गर्छन् । यस्ता प्रवृत्तिले समस्या ठीक हुने भन्दा अरु बढ्दै जान्छ ।

त्यसैले कान पाक्ने वा जालीमा प्वाल परेको अवस्था छ भने चिकित्सकलाई भेट्नैपर्छ । चिकित्सकले कानको अवस्था हेरेर सामान्य औषधि दिने वा शल्यक्रिया

...बाँकी पृष्ठ ३ मा

# राप्तीखोलामा र्‍याफ्टिङ सेवा सुरु



समाज संवाददाता

हेटौंडाः हेटौंडाको राप्ती पुलदेखि मनहरी गाउँपालिकास्थित रजैया-ज्यामिरेसम्म राप्तीखोलामा र्‍याफ्टिङ सुरु भएको छ। शनिबारबाट नेचर एडभेञ्चर प्रालिले राप्तीखोलामा र्‍याफ्टिङ सेवा सुरु गरेको हो।

शनिबार मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती र सञ्चारकर्मीहरुको उपस्थितिमा कम्पनीले सेवा सुरु गरेको हो। र्‍याफ्टिङपछि अध्यक्ष कालाखेतीले आफूले पनि पहिलो पटक र्‍याफ्टिङ गरेर मनोरञ्जन लिएको बताउनुभयो। यसलाई राम्रो व्यवस्थापन गरी व्यावसायिकरण गर्न सकेमा पालिकाभित्र आन्तरिक र बाह्य पर्यटक भित्रन मद्दत पुग्ने उहाँले बताउनुभयो। पालिकाले पर्यटन क्षेत्रका लागि महत्व दिने उहाँले आश्वासन दिनुभयो। उहाँले र्‍याफ्टिङ गरी मनोरञ्जन लिन आग्रह गर्नुभएको छ।

नेचर एडभेञ्चर प्रालिले आन्तरिक पर्यटकहरुलाई मनोरञ्जनका लागि सेवा सुरु गरिएको बताएको छ। एडभेन्चर प्रालिमा २८ वर्षदेखि र्‍याफ्टिङ गराउँदै आइरहनुभएका कटक गुरुङले राप्तीमा पनि र्‍याफ्टिङ गराउन सम्भव छ भन्ने कुरा देखाउन खोजिएको बताउनुभयो। यसले आन्तरिक पर्यटक भित्रिनुका साथै पर्यटकहरुलाई मनोरञ्जन दिलाउन सकिने उहाँको भनाइ छ। अहिले गर्मी छल्न र्‍याफ्टिङ राम्रो हुने भन्दै उहाँले आफूहरु मनोरञ्जन दिनका लागि तयार रहेको बताउनुभयो। राप्तीखोला र्‍याफ्टिङका लागि सुरक्षित रहेको उहाँको भनाइ छ।

हेटौंडादेखि रजैया र ज्यामिरेसम्म करिब ३ घण्टा राप्तीखोलामा र्‍याफ्टिङ हुनेछ। उक्त स्थानसम्म र्‍याफ्टिङका लागि अहिले प्रतिव्यक्ति ९ सय रुपैयाँ शुल्क तोकिएको छ।१० वर्षदेखि माथि उमेरकाहरुले मात्र र्‍याफ्टिङ गर्न पाउनेछन्।

# ७१ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः हेटौंडामा शुक्रबार र शनिबार दुई दिन रक्तदान कार्यक्रम भएको छ। कार्यक्रममा ७१ जनाले रक्तदान गरेका छन्। शुक्रबार नेपाल विद्युत प्राधिकरणको ३९ औं वार्षिकोत्सवको अवसरमा हेटौंडा वितरण केन्द्रको आयोजनामा रक्तदान कार्यक्रम भएको हो। कार्यक्रममा ४८ जनाले रक्तदान गरेका थिए भने शनिबार हेटौंडा-८ स्थित लाङ्टाङ बाल समूहको आयोजनामा रक्तदान कार्यक्रम भएको हो। बाल समूहको आयोजनामा भएको कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन्। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो। यही साउन ३० गते हेटौंडा-२ स्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गर्दैछ। सहकारीले वार्षिकोत्सवको अवसरमा हरेक वर्ष रक्तदान कार्यक्रम गर्ने गरेको छ। यस्तै आगामी भदौ २ गते हेटौंडा-६ स्थित कृष्ण प्रणामी मन्दिर र भदौ ८ गते हेटौंडा-४ स्थित कृष्ण प्रणामी मन्दिरमा पनि रक्तदान कार्यक्रम आयोजना गरिँदै छ।

# विद्यालयलाई १ लाख ११ हजार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियास्थित बालबोध माध्यमिक विद्यालयले स्थापना गरेको जेहेन्दार विद्यार्थी छात्रवृत्ति कोषमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालले एक लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग गर्नुभएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्यालले शुक्रबार विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठलाई सहयोग रकमको चेक हस्तान्तरण गर्नुभएको छ।

विद्यालयले स्थापना गरेको जेहेन्दार विद्यार्थी छात्रवृत्ति कोषमा एक लाख ७५ हजार रुपैयाँ जम्मा भएको छ। कोषमा सहयोगको घोषणा गरेको एक लाख ७५ हजार रुपैयाँ भने उठ्नै बाँकी रहेको प्रधानाध्यापक श्रेष्ठले बताउनुभएको छ। घोषणा गरेको रकम उठाउने प्रयास भइरहेको उहाँको भनाइ छ। १२ कक्षासम्म पठनपाठन हुने बालबोध माविमा करिब चार सय विद्यार्थी अध्ययनरत छन्। २०८० सालको एसईईमा ४४ जना विद्यार्थी सहभागी भएकोमा २१ जना विद्यार्थी कक्षा ११ भर्ना हुन योग्य भएका थिए। कक्षा १२ मा व्यवस्थापन संकायमा १३ जना विद्यार्थी अध्ययनरत छन् भने कक्षा ११ मा व्यवस्थापन संकायमा ५ जना र शिक्षाशास्त्र संकायमा ६ जना विद्यार्थी भर्ना भएको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभएको छ। एसईई ग्रेडवृद्धि मौका परीक्षाको नतीजापछि कक्षा ११ मा केही विद्यार्थी बढ्ने अपेक्षा गरिएको उहाँको भनाइ छ।

# बकैयाका दोङ खोलामा मृत फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-५, पावसस्थित सिमात खोलामा एक पुरुष मृत अवस्थामा फेला परेका छन्। मृत फेला पर्नेमा बकैया-५ स्थित राजदमारका ६० वर्षीय आशाकाजी दोङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

आइतबार दिउँसो १२ बजेर १५ मिनेटको समयमा दोङ उक्त खोलामा घोप्टो परी तैरिरहेको अवस्थामा मृत फेला परेको जनाइएको छ। घटनास्थलमा खटिनुभएका प्रहरी चौकी गरगरेका प्रहरी सहायक निरीक्षक सन्तुकुमार लामाका अनुसार दोङ बिहान १० बजेतिर बैंकमा आउन घरबाट निस्केका थिए। घटनाको प्रकृति हेर्दा कुनै शंकास्पद नदेखिए पनि घटनाबारे थप अनुसन्धान गरिने उहाँले बताउनुभयो। दोङले मदिरा सेवन गरेको बुझिएको छ।

मृतक दोङ दूध डेरीबाट आउने पैसा लिन खोला तरेर बैंक निस्किएको प्रहरीले जनाएको छ। शवको मुचुल्कापश्चात् पोष्टमार्टमका लागि हेटौंडा ल्याइएको छ।

# वर्षायाममा कान...

गर्ने भन्ने कुरा टुंगो गर्छन्। शल्यक्रिया पनि सामान्य र अलि विशेष किसिमको हुन्छ। सामान्य शल्यक्रिया भनेको कानको जालीमा परेको प्वाल टाल्ने हो। यस्तो शल्यक्रिया केही समयमै पूरा हुन्छ। यो सहज र छरितो हुन्छ र छिट्टै निको पनि हुन्छ। यदि कानको भित्री हड्डी नै खिइन थालेको वा मक्किन थालेको छ भने त्यसको अवस्था हेरेर विशेष किसिमकै शल्यक्रिया गर्नुपर्छ। यस्तो शल्यक्रियाबाट संक्रमित हड्डी हटाउने गरिन्छ र कानको जालीमा परेको प्वाल टाल्ने काम गरिन्छ। त्यसपछि यो समस्या बिस्तारै ठीक हुन्छ।

सारमा के भन्न सकिन्छ भने वर्षायाममा कान चिलाउने वा संक्रमण हुने जोखिम बढी हुन्छ। यस्तो अवस्थामा जथाभावी कान कोट्याउने, औषधि हाल्ने नगरौं। सकेसम्म सुक्खा राखौं। यदि जालीमा प्वाल छ, संक्रमण भइरहन्छ भने चिकित्सकको परामर्शमा उपचार खोजौं। कानको समस्या भएकाहरुले पानीमा धेरै भिज्ने, पौडी खेल्ने नगरौं। यदि भिज्नैपर्ने भए पनि सुरक्षित विधि अपनाऔं। *(स्रोतः अनलाईनखबर)*

# आइएफएसए हेटौंडाको दोस्रो अधिवेशन हुँदै

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय वन विज्ञान विद्यार्थी संघ (आइएफएसए) हेटौंडाको दोस्रो अधिवेशन सोमबार र मंगलबार हुँदैछ। संघले 'हरियाली हाम्रो भविष्यः स्थानीय कार्य, विश्वव्यापी प्रभाव' भन्ने नाराका साथ अधिवेशन र विभिन्न कार्यक्रम आयोजना गर्दैछ। संघकी वर्तमान उपसचिव सिर्जना सुवेदीका अनुसार स्थानीय कंग्रेस २०२४ अन्तर्गत सोमबार समितिले हालसम्म गरेको प्रगति वितरण प्रस्तुत हुनेछ। संस्थाले वृक्षरोपण तथा सरसफाइका कार्यक्रम गर्दै आइरहेको छ। दोस्रो दिन मंगलबार संसद सञ्चालनबारे आम जनताको भविष्य हरियालीः स्थानीय कार्य, विश्वव्यापी प्रभाव शीर्षकमा युवा संसद प्रतियोगिता आयोजना हुनेछ। दुई वर्ष अगाडि संघ गठन भएको थियो। मंगलबार दुई वर्षका लागि ११ सदस्यीय समिति चयन हुनेछ। संघमा अहिले १ सयभन्दा बढी सदस्यहरु रहेका छन्।





# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## सहकालका देवता मच्छिन्द्रनाथ

पुस्तक समीक्षा



अनुष्का देवकोटा

मैले पढेको पुस्तकको नाम सहकालका देवता मच्छिन्द्रनाथ हो। यसका लेखक तेज प्रकाश श्रेष्ठ हुनुहुन्छ। यो कथा विधाको पुस्तक हो। यसलाई काठमाडौंले प्रकाशनमा ल्याएको हो। यस पुस्तकको प्रकाशन २०७४ असोजमा भएको हो। यसमा ३५ पृष्ठ संख्या रहेका छन्। यस किताबको आईएसबिएन नम्बर ९७८ ९९३७ ७०९ ०२६ रहेको छ भने यसको मूल्य १९९ रुपैयाँ रहेको छ।

यो पुस्तक सरल र सहज शब्दहरूको चयन गरी सजिलो सबैले बुझ्ने भाषामा लेखिएको छ। लेखकले यसभन्दा अघि धेरै बालकृतिहरू प्रकाशन गर्नुभएको छ। तीमध्ये जुनेली साँझ, सुनको रोटी सुनैका थाल, भोका डम्मरुहरू, म राहुत्या रौतेला, पुतली लगायतका अन्य थुप्रै कृतिहरू प्रकाशन गर्नुभएको छ। उहाँको यो एक्काइसौं कृति हो। उहाँले नेपाली, अङ्ग्रेजी, नेवारी लगायत अन्य थुप्रै भाषामा पनि कृतिहरू लेखिसक्नुभएको छ।


यस पुस्तकमा सहकालका देवता मानिने मच्छिन्द्रनाथको विषयमा लेखिएको छ। राजाले आफ्नो जनता खुसी पार्नका लागि जे पनि गर्नुपर्छ। जनताको हित हुने र जनतालाई सुख मिल्ने काम गर्नेलाई नै असल शासक मानिन्छ भन्ने कुरा यस पुस्तकमा लेखिएको छ। राजाले आफ्नो प्रजाका लागि भगवानलाई पनि आफ्नो राज्यमा ल्याउने आँट गरे र प्रजालाई खुसी पारे राजालाई साथ दिने असल भार दार, गुरु, सल्लाहकारहरू र जनता सबै असल र सहयोगी भए जस्तोसुकै समस्या पनि समाधान गर्न सकिन्छ र सबैतिर त्यस राज्य र जनताको चर्चा हुन्छ भन्ने शिक्षा यस पुस्तकले दिएको छ।

अहिलेको समयमा आफ्नो देश र देश चलाउने नेताहरू असल नभएको हुँदा त्यस देशका जनताहरूले दुःख पाइरहेको अवस्थामा यो पुस्तकले भने त्यस्ता देश चलाउने शासकहरुलाई चुनौती दिएको छ। यो पुस्तक पढेर ती शासकहरुले आफ्ना व्यवहारलाई सच्याउनु पर्ने जरुरी देखिन्छ। आयताकार रूपमा संरचित यो पुस्तक मोटाईको हिसाबले धेरै मोटो पनि छैन एक घण्टाको बसाइमा पढेर सकिने यस पुस्तकले दिने ज्ञान भने निकै गहिरो रहेको पाइन्छ। म यो पुस्तक हाम्रा देशका सबै जनता र देश चलाउने शासकहरूलाई पढ्न अनुरोध गर्दछु।

*कक्षा-५*

## आगोको बीउ

पुस्तक समीक्षा



श्रेयांश सिंह लामिछाने

मैले पढेको पुस्तकको शीर्षक आगोको बीउ हो। यस पुस्तकका लेखक श्यामकृष्ण खुलीमुली हुन्। यस पुस्तक कथा विधाको पुस्तक हो। यस पुस्तकका प्रकाशक कथालय काठमाडौं हो। २०७६ साल कार्तिक महिनामा २००० प्रति छापिएको पुस्तक हो। यसमा जम्मा ४० पाना रहेका छन्। यस पुस्तकको आईएसबिएन नम्बर ९७८ ९९३७ ७०९ ६५१ हो। यसको मूल्य १२५ रुपैयाँ रहेको छ।

यो पुस्तक आगोको बीउ विषयको बारेमा लेखिएको छ। पुस्तकभित्र पढ्नुपर्ने अभ्यास वा शीर्षकहरू आठ वटा छन्। जसमध्ये आगो निभ्यो, बुबा हराए, अनौठो जन्तु, उपकारी खरायो, जुरे सिंह, परिलोक, अग्नि बीज, सुगाको सहयोग, गाउँमा उत्सव रहेका छन्। यो पुस्तक मध्यम आकारको छ। गातामा हिमाल, पहाड, झरना र घाँसहरूका चित्र छन् यो पुस्तक बुझेर पढ्न एक घण्टा लाग्छ। र पुस्तकमा लेखिएको भाषा वा शब्दहरू पढ्न सजिलो र बुझिने खालका छन्। यस पुस्तकले भन्न खोजेको कुरा यो हो कि हामीले आफ्नो स्वार्थ नसोचेर अरुको सहयोग गर्नुपर्छ। नत्र भए हामी स्वार्थी लोभी र खराब व्यवहारका हुन्छन् यसले गर्दा हाम्रो परिचय सबैको अगाडि खराब व्यक्ति भनेर चिनिन सक्छ। र सबैजना हामीसँग टाढा हुन्छन्।

यस कथामा मिला भन्ने पात्रले पनि आफ्नो भलाइको बारेमा मात्र नसोचेर आफ्नो समाज र आफू बस्ने गाउँको विकासका लागि काम गरेकी छन् यो पुस्तकले हामीलाई सिकाउन खोजेको कुरा पनि यही हो। हामीले अरुको सहयोग गर्नुपर्छ अरुलाई आवश्यक पर्दा हेरविचार पुऱ्याउनुपर्छ कठिन परिस्थितिमा मद्दत गर्नुपर्छ। समाजको भलाइ हुने काम गर्नु नै हामी मानिसहरूको कर्तव्य हो।

यो पुस्तक पढेर मलाई माथि भनिए जस्तै धेरै ज्ञान मिल्यो। मैले पनि आफ्नो समाजमा के-के काम गर्नुपर्छ र दुःखी मानिसहरूलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरा सिकें। यो पुस्तक साना उमेरदेखि ठूला उमेरसम्मका सबै मानिसहरूलाई पढ्न उपयोगी हुने पुस्तक हो। यति राम्रो पुस्तक लेखिदिनु भएकोमा लेखकलाई धेरै धन्यवाद दिन चाहन्छु।

*कक्षा-५*

## महिला हिंसाविरुद्धको आवाज



देविना सञ्जेल

ज्ञान आर्जनका निमित्त पहिलो विद्यालय हो घर।
धेरै कुराहरु सिकिन्छ घरकै आँगन वरपर॥
शिक्षा यो घरकै पाएर आउँछ शान्ति र सद्भाव।
हिंसा निमिट्यान्न पार्ने ज्ञानको यहीँ छ सम्भावना॥

विभेदका भुमरी खेपेर बढेका महिलाहरु छन् जति।
ईश्वरका वरदान आमा जगतका यो राष्ट्रको सम्पत्ति॥
हिंसाग्रस्त यिनै भएका घटना सुनिन्छ हरेक दिन।
घरबाट अब थाल्नु छ अभियान यसबाट मुक्ति लिन॥

घरैपिच्छे अझै छोरा र छोरीमा छुट्याउने चल्ती छ।
हिंसा चुलिन गो समाजपछि पऱ्यो यो चल्ती नै गल्ती छ॥
घरका अग्रज र आमा अनि बुबा विचार गर्नुहोस् खुबै।
छोरा अनि छोरी समान उत्तिकै आँखा सरिका दुबै॥

प्रत्येक घरमा महिना पुरुषमा समानता अल्झिए।
हिंसा अन्त्य निमित्त ज्वालासरी भई झिल्काहरु सल्किए॥
हिंसामुक्त समाज बन्छ सहजै सर्वत्र सन्देश छरौं।
महिला हिंसा विरुद्ध सख्त अभियान घरबाटै सुरु गरौं॥

*कक्षा-९*

# HETAUDA SCHOOL OF MANAGEMENT

"कडा अनुशासन, स्तरीय शिक्षा"

## We are thrilled to celebrate the outstanding achievements of our students who have excelled in their Class 12 exams!

A+ 120 | A 438 | B+ 388 | B 173 | C+ 12

## FACULTY OF SCIENCE

PRATIK DHUNGANA GPA 3.88
BIPIN POKHREL GPA 3.86
BISHLESHAN PAUDEL GPA 3.86
KABIN RAI GPA 3.86
SHREYAM REGMI GPA 3.86
ROMISH KOIRALA GPA 3.85
SAKSHYAM ACHARYA GPA 3.84
SHRAWAN K. GUPTA GPA 3.82
YUJEN SHRESTHA GPA 3.82
BIRAJ PUDASAINI GPA 3.81
KRISTINA SHRESTHA GPA 3.81
PRANISH SHRESTHA GPA 3.81
RIYA CHAKRADHAR GPA 3.80
RONISH DHAKAL GPA 3.78
SHAHID ANSARI GPA 3.78
JUBIN GUPTA GPA 3.77
REET DAS GPA 3.77
PURNIMA SANJEL GPA 3.76
SARTHAK STHAPIT GPA 3.76
KAJOL KUMARI DAS GPA 3.75
KAPIL DEV MAINALI GPA 3.75
PRALHAD KALAKHETI GPA 3.75
PRINCE NAGARKOTI GPA 3.75
RISHI YADAV GPA 3.75
SWARNIM BHUSAL GPA 3.75
EKTA KUMARI GPA 3.74
RHYTHM PAUDEL GPA 3.74
SANDESH POKHAREL GPA 3.74
SAZIEDA K.C. GPA 3.73
PRIJESH PRADHAN GPA 3.72
RAMANANDA RAM C. GPA 3.72
BISHRUT KAFLE GPA 3.70
KSHITIZ P. GAURO GPA 3.69
AVISHEK ARYAL GPA 3.67
KRISHNA NANDAN RAY GPA 3.67
SARIK RUWALI GPA 3.66
AASHWINI LATAULA GPA 3.64
BARSHISH ARYAL GPA 3.64
DIPSIKHA D. UPADHYAY GPA 3.64
KALASH DHAKAL GPA 3.64
PRATEEK KARNA GPA 3.64
SISHON SIWAKOTI GPA 3.64
KOSHISH SHRESTHA GPA 3.63
RASIK UPRETI GPA 3.63
SABNAM PATEL GPA 3.63
BIBEK PAUDEL GPA 3.62
FATMA BEGAM GPA 3.61
NISCHAL SHRESTHA GPA 3.61
RITIJ ARYAL GPA 3.61
DEEPIKA NEUPANE GPA 3.60
PURNIKA K. SHRESTHA GPA 3.60

## FACULTY OF MANAGEMENT

RAJNISH KUMAR SAH GPA 3.86
SAKSHI KUMARI LAL GPA 3.86
NALINA DHITAL GPA 3.84
ANAMIKA SINGH GPA 3.83
BIKASH BANIYA GPA 3.82
JENISHA MANDAL GPA 3.81
KARNA YADAV GPA 3.81
MENUKA DHAKAL GPA 3.81
PRAMISH RANABHAT GPA 3.81
PRAYASH GURUNG GPA 3.81
REBIKA PAKHRIN GPA 3.81
SAMJHANA K SAH GPA 3.8
SADIKSHYA RIJAL GPA 3.78
ANJAL SHRESTHA GPA 3.77
SANGAM KHAREL GPA 3.77
SALINA ROKA GPA 3.76
PUJA KUSHWAHA GPA 3.75
AAISHA KHATUN GPA 3.73
AASHIKA K GAUTAM GPA 3.73
CHANDAN SAH GPA 3.73
KAUSHALYA LAMICHHANE GPA3.73
KRISHAL RAI GPA 3.73
REJINA UPRETI GPA 3.73
SHIKSHA BASNET GPA 3.73
AAYUSHA DHUNGANA GPA 3.72
JEEYA DHAKAL GPA 3.72
SALINA THAPA MAGAR GPA 3.72
SAMRAJ BHATTARAI GPA 3.72
SAPHAL KUMAR UPRETI GPA 3.72
BIBEK CHAUDHARY GPA 3.71
BIJAYA K CHAULAGAIN GPA 3.71
BINAYAK NEUPANE GPA 3.71
DILIP KUMAR SINGH GPA 3.71
NIRAJAN KHANAL GPA 3.71
ROHIT KUMAR YADAV GPA 3.71
SAMYAK KHADKA GPA 3.71
SHANTA KUMAR SAH GPA 3.71
BHUSHAN DAHAL GPA 3.70
ISHIKA ARYAL GPA 3.70
PRACHI ARYAL GPA 3.70
PRINSHA ARYAL GPA 3.70
SWASTIK BISTA GPA 3.70
AASHIKA RIJAL CHHETRI GPA 3.69
MUNNA KUMAR SHAH GPA 3.68
KRISH SHAHI KHADGI GPA 3.67
RISHAV RAJAK GPA 3.67
ROSHANI RAUNIYAR GPA 3.67
SANGIT P ACHHAMI GPA 3.67
ROHIT CHAPAGAIN GPA 3.66
ARUN B KHATRI GPA 3.65
BIBEK SHRESTHA GPA 3.65
BIBIDHA DHUNGANA GPA 3.65
NISHCHAL ADHIKARI GPA 3.65
ROHIT KUMAR YADAV GPA 3.65
SRIJANA KUMARI SAH GPA 3.65
DILASHA RAI GPA 3.64
KRISHALA ARYAL GPA 3.64
MOKSCHHYADA S. G. GPA 3.64
SANGI LAMA GPA 3.64
ARYAN GUPTA GPA 3.63
RANU BASNET GPA 3.63
AAKRITI THING GPA 3.62
AAYUSHA GAUTAM GPA 3.62
AAYUSHA RAYAMAJHI GPA 3.62
PRAKRITI SUBEDI GPA 3.62
SAMIKSHA KUMARI GPA 3.62
BINAYA R. KHATIWADA GPA 3.61
EKTA BAIDYA GPA 3.61
KIRAN KUMARI SHAH GPA 3.61
SADIKSHA KC GPA 3.61
TANKA K. MAGAR GPA 3.61
PRAGYAN SHAKYA GPA 3.60
PRANJAL NEPAL GPA 3.60
PRASAN SHRESTHA GPA 3.60
PUSPA UPRETI GPA 3.60
RACHU RAJBAHAK GPA 3.60
SUMAN KUMAR GUPTA GPA 3.60

***Delivering top-notch education since 1995***


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ